विद्वानहरूसँग बहस गर्न र

जाबिर बिन अब्दुल्लाह (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "विद्वानहरूसँग बहस गर्न र अज्ञानीहरूसँग वाद-विवाद
गर्न र सभाहरूमा प्रमुख पद प्राप्त गर्नको लागि ज्ञान प्राप्त नगर्नुहोस्, जसले यसो गर्छ, उसको वासस्थान आगो (नर्क) हुनेछ ।" [सही] [इब्ने माजहले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले उलमा (विद्वान) हरूसँग बहस गर्ने र 'म पनि तिमीहरू जस्तै विद्वान हुँ' भनी गर्व र सेखी देखाउन, अज्ञानी र कम बुद्धि भएकाहरूसँग वाद-विवाद गर्ने र सभाहरूमा अग्रपंक्तिमा बस्ने मौका पाउने मनसायले ज्ञान (इल्म) प्राप्त गर्नबाट कडाइका साथ मनाही गर्नुभएको छ । र जसले त्यस्तो गर्छ, उ आफ्नो पाखण्ड र ज्ञानको प्राप्तिमा सत्यनिष्ठा नभएको कारणले नरकको भागीदार बन्नेछ।

https://sunnah.global/hadeeth/ne/show/65047